**कम्पनी रजिष्ट्रारको कार्यालय**

**जानकारी प्रश्नोत्तर**

**१) कम्पनी नवीकरण गर्नुपर्दछ कि पर्दैन ?**

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी नवीकरण गर्नु पर्दैन । तर कम्पनीले उद्योग/व्यवसाय कुनै अन्य निकायमा समेत दर्ता गरेको छ वा इजाजत / लाइसेन्स लिएको छ भने त्यस्तो निकायमा सम्पर्क गरी त्यहांको नियम अनुसार दर्ता /इजाजत /लाइसेन्स नवीकरण गर्नुपर्ने व्यवस्था छ भने नवीकरण गर्नुपर्दछ ।

तर कम्पनीहरुले वार्षिक विवरण र तोकिएका अन्य विवरणहरु तोकिएको समयमा कम्पनी रजिष्ट्रारको कार्यालयमा अनलाइन सिस्टमबाट बुझाउनु पर्दछ ।

**२) कम्पनी कम्पनीले वार्षिक शुल्क वा कुनै दस्तुर बुझाउनु पर्दछ ?**

समयमा नै विवरणहरु बझाएमा कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा कुनै पनि दस्तुर बझाउनु पर्दैन । तर तोकिएको समयमा विवरण नबुझाएमा जरीवाना (विलम्व शुल्क) लाग्दछ र जति ढिला गरी विवरण बुझायो, जरीवना रकम बढदै जाने कानुनी व्यवस्था रहेको छ ।

तर प्रचतिलत कानून बमोजिम आन्तरिक राजस्व कार्यालयममा कर तथा तोकिएका विवरणहरु बुझाउनुपर्दछ ।

कम्पनी दर्ता र अन्य प्रशासनिक कामको लागि तोकिएको राजस्व दर यसै वेभसाइटको **राजस्व / दस्तुर** शीर्षक ( MENU )मा हेर्नुहोला ।

**३) कम्पनीको उद्देश्य कतिवटा हुन सक्दछ ?**

कम्पनीको उद्देश्य आवश्यकता अनुसार प्रवन्धपत्रमा व्यवस्था गरी राख्न सकिन्छ ।

**४) कम्पनीले साझेदरी वा प्राइभेट फर्म खोल्न हुन्छ कि हुदैन ?**

हुदैन । तर कम्पनीले अर्को कम्पनी खोल्न वा अर्को कम्पनीमा शेयरधनीको रुपमा लगानी गर्न हुन्छ ।

**५) शेयरको अंकित मूल्य कति हुनु पर्दछ ?**

प्राइभेट कम्पनीको शेयरको अंकित मूल्य कम्पनीको नियमावलीमा तोके बमोजिम हुनेछ ।

पब्लिक कम्पनीको शेयरको अंकितमूल्य प्रति शेयर ५० रुपैया वा १० अंकले भाग जाने सो भन्दा बढी अंक (५०, ६०, ७०, ८०, ९०, १००, ..........,१०००,.......) को हुनुपर्दछ ।

**६) कम्पनीले शेयरधनीलाई शेयर प्रमाणपत्र कहिले दिनुपर्दछ ?**

शेयर बाँडफाँड भएको २ महिनाभित्र । (तर सुचीकृत पब्लिक कम्पनीहरुको हकमा नेपाल धितोपत्रबोर्डले निर्धारण गरेको नियम/नीतिभित्र रही शेयरधनीको DMAT खातामा पठाउनु पर्नेहुन्छ )

**७) शेयरधनीको विवरण कसले राख्नु पर्दछ ?**

कम्पनीको शेयरधनीको विवरण कम्पनी स्वंमले सुरक्षित राख्नु पर्दछ र त्यसको १ प्रति कम्पनीको अध्यक्ष्य र कम्पनी सचिवले प्रमाणित गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउनुपर्दछ ।

(तर सुचिकृत कम्नीहरुले प्रचलित कानुन अनुसार शेयर रजिष्ट्रार (Registrar To Share/RTS) संग संझौता गरी आफ्ना शेयरधनीको विवरण अध्यावधिक राख्नुपर्दछ ।)

**८) शेयरधनीको दर्ता किताब कसले राख्नुपर्दछ ?**

कम्पनी शेयरधनीको दर्ता किताब कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयमा राख्नुपर्दछ ।

कुनै व्यहोराले शेयर हक हस्तन्तरण , विक्री वा नामसारी भएमा कम्पनीले शेयरधनी लगत अध्यावधिक गरी राख्नुपर्दछ ।

कम्पनीले अध्यावधिक गरेको शेयरधनीको दर्ता किताबको एक प्रति कम्पनी रजिष्ट्रारको कार्यालयमा लगि अभिलेख गराउनु पर्दछ । शेयरधनीको विवरण (शेयरधनी, शेयर संख्या खुलेको) अध्यावधिक गरी सुरक्षित राख्ने जिम्मेवारी कम्पनी स्वंयमको हो ।

**९) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनीले अन्यत्र दर्ता हुनु पर्दछ कि पर्दैन ?**

लाइसेन्स /इजाजत पत्र लिइ कारोवार गर्नुपर्ने कुनै काम वा कुनै उधेश्य अनुसार गर्नुपर्ने व्यवसाय गर्न कम्पनीले सम्बन्धित निकायमा दर्ता गरी वा /लाइसेन्स इजाजत लिइ मात्र काम गर्नु पर्दछ ।

**१०) कम्पनीहरु स्थानिय तहमा दर्ता हुनु पर्दछ कि पर्दैन ?**

नेपालमा दर्ता भएका कम्पनीको कार्यक्षेत्र सामान्यतया नेपाल भरी हुन्छ ।

तर कुनै कानूनले कुनै भौगोलिक क्षेत्र वा प्रशासनिक क्षेत्र(प्रदेश/ जिल्ला/ स्थानीय तह ) भित्र कारोबार गर्न निषेध गरिएको भए सोहि बमोजम हुन्छ ।

कुनै कानून अनुसार कुनै क्षेत्रमा कारोबार गर्न वा शाखा संचालन गर्न इजाजत वा स्वीकृति लिनुपर्नेमा सोहि अनुसार हुन्छ ।

कम्पनीले कुनै स्थानीय तहभित्र शाखा,इकाइ,विक्रि केन्द्र,पसल,कार्यालय खोली कारोबार गरेको अवस्थामा सो स्थानीय तहको नियम अनुसार व्यवयाय दर्ता गर्नु पर्दछ ।

**पब्लिक कम्पनी सम्बन्धि केहि व्यवस्थाहरु**

१) **पब्लिक कम्पनीमा कतिजना संस्थापक हुनु पर्दछ ?**

पब्लिक कम्पनीमा कम्तिमा ७ जना संस्थापक हुनुपर्दछ ।

कनै पब्लिक कम्पनीले अर्को पब्लिक कम्पनी स्थापनागर्दा सातजना संस्थापकको आवश्यकता पर्ने छैन ।

२) **पब्लिक कम्पनीमा बढीमा कतिजना शेयरधनी हुन सक्तछन् ?**

जति सुकै हुन सक्तछ ।

३) **पब्लिक कम्पनीको चुक्ता पूँजी न्यूनतम कति हुनु पर्दछ ?**

प्रचलित कानुन वा नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी कुनै खास कम्पनीको चुक्तापूँजी सम्बन्धमा अन्यथा व्यवस्था गरीएकोमा बाहेक पब्लिक कम्पनीको चुक्तापूँजी कम्तीमा १ करोड हुनुपर्दछ ।

४) **पब्लिक कम्पनीलाई प्राइभेट कम्पनीमा परिणत गर्न पाइन्छ कि पाइदैन ?**

कम्पनी ऐनको दफा १४ को प्रावधान पूरा गरी पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुन सक्तछ ।

६) **पब्लिक कम्पनीले कारोवार प्रारम्भ गर्न स्वीकृति लिनु पर्छ कि पर्दैन ?**

पब्लिक कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ६३ बमोजिम स्वीकृति प्राप्त गरेर मात्र कारोवार प्रारम्भ गर्नुपर्दछ ।

७) **पब्लिक कम्पनीको वार्षिक साधारण सभा गर्ने सुचना कति दिन अगावै राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुपर्दछ ?**

कम्तीमा २१ दिन अगावै ।

८) **भिडियो कन्फरेन्स वा अनलाइनवाट कम्पनीको वार्षिक साधारण सभागर्न सकिन्छ कि सकिदैन ?**

सकिन्छ । तर यसरी सभातर्दा समेत कम्पनी ऐन र नियमावलीमा भएको व्यवस्थाको पालन गर्नु पर्दछ ।

९) **साधारण सभामा कसले मतदानगर्न पाउदछन् ?**

प्रत्येक शेयरधनीवा शेयरधनीको प्रतिनिधी ।

**१०) संचालक समितिको गणपुरक संख्या कति हुन्छ ?**

संचालकहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत ।

**११) साधारण सभामा प्रस्ताव पास हुन कति प्रतिशत शेयरको प्रतिनिधित्वगर्ने शेयरधनीले प्रस्तावको पक्षमा मतदिनुपर्दछ ?**

मतदान गरएको विषयमा सभाको बहुमत शेयरधनीको राय ।

विशेष प्रस्तावको हकमा ७५% शेयरको प्रतिनिधित्वगर्ने शेयरधनी ले ।

**१२) साधारण सभाको निर्णय उपस्थित संख्या प्रतिनिधित्व गर्ने शेयर प्रतिशतको विवरण शेयर धनीलाई कति दिनमा पठाउनुपर्दछ ?**

३० दिनभित्र ।

**१३) पब्लिक कम्पनीले साधारण सभा कहिले गर्नपर्दछ ?**

प्रथम साधारण सभा कारोवार शुरु गर्न इजाजत पाएको एक वर्ष भित्र ।

त्यसपछिप्रत्येक वर्ष आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र ।

**१४) पब्लिक कम्पनीमा कति जनाको सञ्चालक समीति रहन्छ ?**

३ जना देखि ११ जना सम्म ।

**१५) पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तिमा कति जना महिला सञ्चालक हुनुपर्दछ ?**

महिला शेयरधनी रहेको पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तीमा एक जना महिला सञ्चालक हुनुपर्दछ ।

**१६) पब्लिक कम्पनीको संचालक समितिमा कतिजना स्वतन्त्र संचालक नियुक्त गर्नुपर्नेछ ?**

७ जना सम्म संचालक भएको कम्पनी भए कम्तीमा १ जना स्वतन्त्र संचालक नियुक्त गर्नुपर्छ ।

७ जनाभन्दा बढी संचालक भएको कम्पनी भए कम्तीमा २ जना स्वतन्त्र संचालक नियुक्त गर्नुपर्छ ।

**१७) संचालक समितिको अध्ययक्षको छनौट कसले गर्नेछ ?**

संचालकहरुले अफुमध्येवाट छानेको कुनै एक जना संचालक ,संचालक समितिको अध्ययक्ष हुनेछ ।

**१८) संचालक हुनको लागिलिनु पर्ने न्यूनतम शेयर संख्याकति हन्छ ?**

कम्पनीको नियमावलीमा कनै शेयर संख्या तोकिएको भए सो वमोजिम शेयर संचालक हुने व्यक्तिले लिएको हुनुपर्नेछ ।

**१९) पब्लिक कम्पनीको संचालक हुन उमेरको हकमा कतिवर्षको हुनुपर्दछ ?**

कम्तिमा २१ वर्ष पुगेको ।

**२०) संचालकको कार्यकाल कति अवधीको हुन्छ ?**

प्रइभेट कम्पनीको संचालकको कार्यकाल नियमावलीमा व्यवस्था भए वमोजिम हुनेछ ।

पब्लिक कम्पनीको संचालकको कार्यकाल नियमावलीमा उल्लेख भएवमोजिम बढीमा ४ वर्ष हुनेछ ।

**२१) पब्लिक कम्पनीको संचालक समितिको बैठक वर्षमा कति पटक बस्नु पर्दछ ?**

कम्तिमा ६ पटक ।

**२२) पब्लिक कम्पनीको संचालक समितिको बैठक वीचको अन्तर कतिभन्दा बढी हुनेछैन ?**

दुई बैठक बचिको अन्तर कम्तिमा ३ महिनाभन्दा बढी हुने छैन ।

**२३) कम्पनीको हिसाव किताव तथा लेखा राख्ने जिम्मेवारी कसको हुन्छ ?**

संचालक वा अन्य कम्पनीको जिम्मेवार पदाधिकारी

**२४) कम्पनीले आफ्नो लेखा कहाँ राख्नुपर्दछ ?**

कम्पनीको रजिष्टर्ड कार्यालयमा (कम्पनीको आफ्नै मुख्य ⁄केन्द्रिय कार्यालयमा ) ।

**२५) पब्लिक कम्पनीको लेखा परिक्षण गर्न एउटै लेखा परीक्षक निजको साझेदार वा पुर्व साझेदार वा कर्मचारी वा भूतपुर्व कर्मचारीलाइ लगातार कति पटक भन्दा बढी लेखा परीक्षक नियूक्त गर्न सकिने छैन ?**

३ पटक ।

## प्राइभेट कम्पनी

**१)** **प्राइभेट कम्पनीमा बढीमा कतिजना शेयरधनी सदस्य हुन सक्तछन ?**

१०१

**२)** **प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा रुपान्तरण गर्न मिल्छ कि मिल्दैन ?**

कम्पनी ऐन २०६३ को दफा ११३ माव्यवस्थाभएअनुसार प्राइभेट कम्पनीलाई पब्लिककम्पनीमा रुपान्तरण गर्न मिल्दछ ।

**३)** **प्राइभेट कम्पनीले कहिले देखि कारोवार शुरु गर्न सक्नेछ ?**

प्राइभेट कम्पनीले कार्यालयमा दर्ता भएको प्रमाणपत्र (कम्पनी रजिष्ट्रेशन) पाउन साथ आफ्नो कारोवार शुरु गर्न सक्नेछ ।

तर कनै खास कारोवार गर्न प्रचलित कानुन वमोजिम कुनै सम्बन्धित निकायवाट स्वीकृति लिनुपर्ने भएमा त्यस्तो स्वीकृति लिएपछि मात्र कारोवार शुरु गर्नु पर्दछ ।

(उदाहरणको लागि :- वैक तथा वित्तिय संस्थाले कम्पनी दर्ता भए पछि नेपाल राष्ट्र वैंक वाट स्वीकृती लिई कारोवार गर्नुपर्दछ । वीमा कम्पनीहरुले वीमा समितिवाट, वैदेशिक रोजगार व्यवसाय गर्ने कम्पनीले वैदेशिक रोजगार विभागवाट, अस्पताल प्रा.ली./लि. ले स्वास्थ्य सेवा विभाग वा सम्बधित निकाय वाट, विद्यालय/स्कुल प्रा.लि./लि. ले शिक्षा विभाग वा सम्बन्धित निकाय वाट स्वीकृत/इजाजत/अनुमति लिएर मात्र कारोवार शुरु गर्नु पर्दछ ।

यस वाहेक प्रचलित कानुनमा कुनै निकायको स्वीकृत/इजाजत/अनुमतिपत्र लिएर कारोवार/काम गर्नुपर्ने मा सोही वमोजिम स्वीकृतिलिनु पर्ने दायित्व सम्बन्धित कम्पनी र त्यसका संचालकको हुनेछ ।

**४)** **नावालक व्यक्ति कम्पनी संचालक हुन सक्छ कि सक्तैन ?**

सक्तैन ।

**५)** **प्राइभेट कम्पनीको संचालक समितिमा बढिमा कतिजना संचालक हुनेछ ?**

११ जना ।

**६)** **प्राइभेट कम्पनीले खुल्ला रुपमा आवाहन गरी सर्वसाधारणवाट शेयर पूँजी उठाउन मिल्छ कि मिल्दैन ?**

मिल्दैन ।

७) **प्राइभेट कम्पनीको संचालक समितिको वैठक कति पटक बस्नुपर्दछ ?**

कम्पनीको नियमावलीमा लेखिए वमोजिम ।

**विविध**

**१) एकपटक दर्ता भएको कम्पनीको खारेजी (लिक्वीडेशन) गर्न सकिन्छ कि सकिदैन ?**

कम्पनी ऐनको प्रकृया पुरा गरी कम्पनी खारेजी (लिक्वीडेशन) गर्न सकिन्छ ।

**२) कम्पनी लिक्वीडेटर नियुक्त गरेको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई कहिले दिनु पर्दछ ?**

नियुक्त गरेको मितीले ७ दिनभित्र ।

**३) कनै व्यक्ति एक समयमा एक भन्दा बढी कम्पनीको लिक्वीडेटर हुन सक्तछ कि सक्तैन ?**

सक्दैन ।

**४) विदेशी लगानी भएका कम्पनीले सर्व साधारणमा शेयर जारी (Public Offering) गर्न मिल्छ कि मिल्दैन ?**

नेपालमा पब्लिक कम्पनीको रुपमा दर्ता भएका स्वदेशी लगानी भएका वा विदेशी लगानी भएका , वा स्वदेशी र विदेशी दुवै लगानी भएका कम्पनीले नेपाल धितोपत्र वोर्ड वाट स्वीकृति लिएर सर्वसाधारणमा शेयर जारी गर्न मिल्छ ।